जनहितमा जारी

मानिस-मानिसबीच ३ फिटको दूरी अवश्य कायम गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com

घर भाडामा दिंदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजीकको स्थानीय प्रहरी एकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ असोज ०५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // September 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४

## वीरगंजका सरकारी कार्यालयहरू खुले

प्रस, वीरगंज, ४ असोज/

वीरगंज महानगरपालिकामा रहेका सरकारी कार्यालयहरू आइतवारदेखि सञ्चालनमा आएका छन् ।

साउन १० गतेदेखि निषेधाज्ञा जारी भएपछि बन्द भएका सरकारी कार्यालयहरू असोज १५ गतेसम्म निषेधाज्ञा जारी भएको अवधिमा आजदेखि सञ्चालनमा आएका हुन् । कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र पर्साको भदौ ३० गते बसेको बैठकले असोज १ गतेदेखि आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर सरकारी कार्यालय सञ्चालनमा ल्याउन निर्देशन गरेको थियो । असोज १ गते विश्वकर्मा पूजा परेको र त्यसपछि शुक्रवार, शनिवार भएकोले आवश्यक तयारीसहित आजदेखि सरकारी कार्यालयहरू सञ्चालनमा आएका हुन् ।



वीरगंज महानगर र मालपोत कार्यालय, पर्सामा सेवाग्राहीहरूको भीड । तस्वीरः प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साबाट पनि आज प्रदान गरिने सेवाहरू आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर प्रदान गरियो । यसैगरी, भूमिसुधार तथा मालपोत कार्यालय, नापी, यातायात, कोलेनिकालगायतका सरकारी कार्यालयहरू सञ्चालनमा आएका छन् ।

वीरगंज महानगरपालिकाले पनि आजदेखि कार्यालय सञ्चालनमा ल्याएको छ । महानगरका ७० जना कर्मचारी निषेधाज्ञा अवधिमा सङ्क्रमित भएका थिए । सङ्क्रमित भएकै कारण सबैभन्दा बढी स्वास्थ्य सुरक्षामा महानगरपालिकाले ध्यान दिएको छ । सेवाग्राहीहरूलाई कर्मचारीहरूको सम्पर्कमा नआउने गरी बाँसको छेकबार लगाएर सेवा प्रदान गरिरहेको छ । महानगरमा राजस्व तिर्नको लागि आज नगरवासीको भीड लागेको थियो ।

## यात्रीहरूसँग पनि चर्को भाडा असुली

प्रस, वीरगंज, ४ असोज/

वीरगंजबाट विभिन्न ठाउँका लागि सञ्चालित बससेवा शुरू भएपनि यात्रीहरूले चर्को भाडा तिर्नुपरेको गुनासो गरेका छन् ।

वीरगंजबाट काठमाडौं, पोखरा, नारायणगढ, जनकपुर, विराटनगरलगायतका ठाउँका लागि अहिले सार्वजनिक यातायात अन्तर्गत बससेवा शुरू भएको छ । सरकारले तोकिएको दररेटमा पचास प्रतिशत वृद्धि गर्न निर्देशन दिए पनि अहिले सोविपरीत मनोमानी तरीकाले भाडा लिइँदैछ । वीरगंजबाट चल्ने रात्रिसेवाका बसहरू र टाटासुमोले अचाक्ली भाडा लिने गरेको यात्रीहरूले गुनासो गरेका छन् । टाटासुमोले प्रतिव्यक्ति रु १५ सयभन्दा बढी भाडा लिने गरेको यात्रीहरूले बताए ।

वीरगंज बसपार्कमा टाटासुमो राखेर सेवा सञ्चालन नगरी दुई नं बाइपास सडकका ग्यारेजहरूमा लुकाएर राख्ने र यात्रीहरू जम्मा गरी बढी मूल्य लिएर पठाउने गरेको पाइएको छ । बसपार्कमा बढी भाडा लिंदा प्रहरी हस्तक्षेप हुने भएकोले दुई नं बाइपास सडकमा टाटासुमो राखेर यस्तो कार्य भइरहेको यात्रीहरूले बताए । अहिले टाटासुमोमा ५ जना यात्री मात्र लैजाने पाइन्छ ।

यसैगरी, बसमा तोकिएको सिट सङ्ख्याको आधा मात्र यात्रीहरू राखिने गरिएको छ । रात्रिसेवाका बसहरूले पनि बढेको भाडादरभन्दा २ सयदेखि ३ सय रुपैयाँ बढी लिने गरेको यात्रीहरूले बताएका छन् । डिलक्स, सुपर डिलक्स तथा एयर कन्डिशन बसले यात्रीहरूसँग मनोमानी भाडा लिइरहेका छन् । सार्वजनिक यातायातमा सवारी गर्नेहरू यात्रीहरूले अहिले अनिवार्यरूपले नेपालीको हकमा नागरिकता र भारतीयको हकमा पिसिआर रिपोर्ट हुनैपर्छ । तर बसपार्कका कर्मचारीहरूले नक्कली पिसिआर रिपोर्ट तयार गरेर भारतीयहरूलाई पठाइरहेका छन् ।

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालि वीरगंजका संयोजक सुमन श्रेष्ठले यात्रा गर्नको लागि भारतीय नागरिकको हकमा पिसिआर र नेपालीको

(बाँकी अन्तिम पातामा)

## छिपहरमाई गापा-३ टिउकीमा बर्थिङ सेन्टर सञ्चालन

प्रस, पोखरिया, ४ असोज/

छिपहरमाई गाउँपालिका-३ टिउकीमा बर्थिङ सेन्टर सञ्चालनमा आएको छ । गापा अध्यक्ष मनोजकुमार गुप्ताले आइतवार बर्थिङ सेन्टरको उद्घाटन गरेका थिए ।

सो अवसरमा उनले गापाका पाँचवटै वडामा बर्थिङ सेन्टर सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गरे ।

यसअघि गापाको वडा नं ४ तुलसीबर्वामा बर्थिङ सेन्टर सञ्चालनमा आइसकेको छ भने वडा नं ३ जयमङ्गलापुरमा बर्थिङ सेन्टर निर्माणाधीन अवस्थामा रहेको अध्यक्ष गुप्ताले बताए ।

यसैगरी, वडा नं १ मिर्जापुरमा बर्थिङ सेन्टर निर्माणको लागि चालू आवमा रु ८० लाख बजेट छुट्याएको र चाँडै भवन निर्माण शुरू गरिने उनले बताए । वडा नं ५ भिस्वामा पनि बर्थिङ सेन्टर निर्माणको लागि आगामी वर्ष बजेट विनियोजन गर्ने अध्यक्ष गुप्ताले प्रतिबद्धता जाहेर गरे ।

उनले बर्थिङ सेन्टर नहुँदा गाउँका महिलाहरू भारतको बेतिया, सिक्टा, मैनाटारलगायतका क्षेत्रमा जानुपर्ने बाध्यता रहेको र कतिपय घटनामा उनीहरूलाई समस्या हुने गरेकोले बर्थिङ सेन्टर सञ्चालनमा ल्याएको बताए ।

बर्थिङ सेन्टरमा प्रसूति गराउने महिलाहरूलाई प्रोत्साहनस्वरूप रु २ हजार नगद दिइने गापाले निर्णय गरिसकेको उनले जानकारी गराए । अध्यक्ष गुप्ताले बर्थिङ सेन्टरमा छिट्टै चिकित्सकको व्यवस्था गर्ने जानकारी गराए । उनले आफ्नो गाउँका मानिसहरू कुनै पनि स्वास्थ्य समस्यालाई लिएर गाउँबाहिर जान नपरोस् भनेर चिकित्सकीय व्यवस्था गर्न लागेको बताए । गापाका पाँचवटै स्थानमा बर्थिङ सेन्टरसहित स्वास्थ्य सेवा प्रभावकारी बनाउनेतर्फ अग्रसर रहेको अध्यक्ष गुप्ताको भनाइ छ ।

## गाउँ/शहरमा चोरीका घटनामा वृद्धि

प्रस, वीरगंज, ४ असोज/

पर्साको ग्रामीण भेगदेखि शहरबजारमा चोरीका घटनामा वृद्धि भएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्सा तथा मातहतका प्रहरी एकाइहरूमा दैनिक ३०/४० वटा चोरीका घटनाको उजूरी आउने गरेको छ । पसल तथा घरको ताला फोडी खाद्यान्नलगायत अन्य सामान चोरी हुने गरेको प्रहरीले जनाएको छ ।

लक्ष्मनवा निवासी राहुल गुप्ताको घरबाट शनिवार पाँचवटा मोबाइल चोरी भएको थियो । गुप्ताका अनुसार बिहान मर्निङवाक गर्न परिवारका सदस्यहरू घरबाहिर गएका बेला एकाबिहानै चोर घरमा प्रवेश गरी कोठामा चार्ज गर्न राखिएका पाँचवटा मोबाइल चोरी गरी लगेको थियो ।

नगवामा एक महीनाअघि एकजना चौरसियाको घरमा चोरी भएकोमा अहिलेसम्म प्रहरीले चोरलाई पक्राउ गर्न सकेको छैन ।

पोखरिया नगरपालिकामा तीन महीनामा आठवटा पसल तथा घरमा चोरी भएको पीडितहरूले जनाएका छन् । प्रहरीले चोर पक्राउ गर्नुको साटो सीमा क्षेत्रमा सर्वसाधारणले ल्याएका दैनिक उपभोग्य सामान पक्राउ गर्न व्यस्त छ ।

डोकैला बहुरी, लङ्गडीचोकमा पनि चोरीका घटना वृद्धि भएको छ । किसानहरूले सिंचाइको लागि खेतमा जडान गरेका पानी तान्ने मोटरहरू चोरी भएको छ ।

इलाका प्रहरी कार्यालय, पोखरियाले

(बाँकी अन्तिम पातामा)

## बाल क्लबको आयोजनामा १७ जनाद्वारा रक्तदान

प्रस, पोखरिया, ४ असोज/

पोखरिया नगरपालिका-९ बैरियाबिर्तामा आयोजित रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुशवाहाले बताए ।




तस्वीरः प्रतीक

जय माँ सरस्वती बाल क्लब पोखरियाले आयोजना गरेको रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख दीपनारायण रौनियारले गरेका थिए । बाल क्लबका अध्यक्ष मन्सुर मियाँको अध्यक्षतामा भएको उद्घाटन समारोहमा उपप्रमुख सलमा खातुन, नेपाल रेडक्रस सोसाइटी, पर्साका सभापति वीरेन्द्रराज कँडेल, पोखरिया उपशाखाका सभापति भगवान कुर्मी, जसपाका नेता निजामुद्दीन समानीलगायतको सहभागिता थियो ।

कार्यक्रममा मन्सुर आलम, प्रफुल मिश्र, विशाल पटेल, उमेश पटेल, राजन मिश्र, अजय पटेल, मुमताज आलमलगायतले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी, पर्साका कार्यालय प्रमुख उदयराज शर्माले बताए ।

## प्रशासनद्वारा प्याजको मूल्य निर्धारण

प्रस, वीरगंज, ४ असोज/

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र मीनाबजारको आइतवार सम्पन्न बैठकले प्याजको मूल्य निर्धारण गरेको छ ।

बैठकले प्याजको थोक मूल्य प्रतिकिलो रु ६५ र खुद्रा मूल्य रु. ७५ निर्धारण गरेको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ ।

त्यसैगरी, प्रशासनले प्याजको मूल्य निर्धारण गरेकोले मूल्यभन्दा बढी कसैले बिक्री गरेको पाइएमा कानून बमोजिम कारबाई हुने जनाएको छ । कहींकतै प्याज, आलु तथा अन्य खाद्य पदार्थहरूको कालोबजारी गरेको पाएमा जिल्ला प्रशासन कार्यालय, पर्सामा उजूरी गर्न सर्वसाधारणलाई अनुरोधसमेत गरिएको छ ।

## स्थानीयवासी र प्रहरीबीच झडप

प्रस, पंचगावाँ, ४ असोज/

पटेर्वासुगौली गाउँपालिका-४ मा शनिवार राति स्थानीयवासी र प्रहरीबीच झडप भएको छ ।

मकवानपुरको मनहरीबाट गाँजा ल्याई पटेर्वाटोलमा भण्डारण गरेको सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय पर्साको अपराध नियन्त्रण टोली पुगेर स्थानीयको घरमा खानतलाशी गरेको थियो । स्थानीयले एउटा घरबाट अर्को घरमा गाँजा सार्न थालेपछि प्रहरीले रोक्न खोज्दा स्थानीय र प्रहरीबीच झडप भएको थियो । प्रहरीको लाठीचार्जबाट केही महिला सामान्य घाइते भएका छन् ।

प्रहरीले सो ठाउँबाट दुईजना पुरुषलाई पक्राउ गरी अनुसन्धानका लागि लगेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

यस विषयमा पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतोले प्रहरीले ज्यादती गरेको बताइन् । उनले घर खानतलाशी गर्ने प्रहरीको तरीका नराम्रो भएकोले यसबारेमा सोमवार प्रहरी उपरीक्षक र प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराउने बताइन् । गाँजा एक घरबाट अर्को घरमा स्थानीयले सारेपछि प्रहरी रित्तो हात फर्केको थियो ।

## हार्दिक श्रद्धाञ्जलि

जन्मः
विसं १९९०



स्वर्गारोहणः
२०७७/६/२

स्व. ज्ञानुदेवी भट्टराई

यस विद्यालयका निर्देशक श्री सुशील भट्टराईकी ममतामयी आमा **ज्ञानुदेवी भट्टराई**को दुःखद अवसानले विद्यालय परिवारलाई मर्माहत तथा स्तब्ध तुल्याएको छ । दिवङ्गत आत्माको चिरशान्तिको लागि परमेश्वरसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनप्रति यस दुःखद क्षणमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कादम्बरी एकेडेमी परिवार**

वीरगंज

जो आफ्नो छ, उसका लागि चिन्ता हृदयमा हुन्छ, शब्दमा होइन र आफ्नाका लागि क्रोध शब्दमा हुन्छ, हृदयमा होइन।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# चाल मारेर आयो संविधान

**असोज ३ गते नेपालमा सङ्घीय गणतान्त्रिक संविधान लागू भयो। संविधानबारे गर्व गरिन्छ, यो नेपालको पहिलो जन–संविधान हो। जन–संविधान भन्नुको तात्पर्य हो, जनताको प्रतिनिधिले बनाएको संविधान। यस अर्थमा यस संविधानको देशभरि उत्साहपूर्ण स्वागत हुनुपर्ने हो, तर भएन। सरकारले घिच्रो तन्किने गरी करायो, संविधानको पक्षमा। तर एकथरी जनता आफू अनुकूल नभएको भनेर विरोधमा उत्र्यो, अर्कोथरी जनताले संविधान अनुसार काम नभएको, संविधान ठूला–बडा, शक्तिशालीहरूको हितमा प्रयुक्त भएको आरोप लगायो। जन–संविधानप्रति जुन फरकरूपमा असन्तुष्टि व्यक्त भयो। यस्तो हुनुहुँदैनथ्यो। संविधानको विरोध गर्नेहरूले संविधान निर्माण प्रक्रियाको बहिष्कार गरे, संविधानको समर्थन गर्नेहरूले यसलाई जनानुकूल होइन, व्यक्ति अनुकूल बनाए र त्यसै रूपमा यसको प्रयोग गरे। होइन भने पाँच वर्षको अवधिमा संविधानले कुनै एकथरीलाई त सन्तुष्ट पार्न सक्दथ्यो। संविधान आफैंमा केही होइन। यसको कार्यान्वयनले यसलाई राम्रो वा नराम्रोस सफल र असफल बनाउने हो। संविधान दिवसलाई विरोध दिवस मनाउनेहरूको जे स्वार्थ रहेको होस्, सामान्य जनताले, जनप्रतिनिधिले अधिकार प्रत्यायोजनको कुनै लाभ पाउन सकेन, यो चाहिं वास्तविकता हो।**

**एउटा सानो भूगोल भएको मुलुकलाई प्रदेशमा खण्डीकृत गर्नुको उद्देश्य भूगोलविशेषको आफ्नो अनुकूल विकास निर्माण गर्ने अधिकार प्रदान गर्नु थियो। तर केन्द्रीय सरकारले त प्रदेशलाई उपनिवेश नै बनाइदियो। पालिकाहरूमा सर्वाधिकार सम्पन्न केन्द्रीय पदाधिकारीहरू नियुक्त गरी औपनिवेशकालीन गभर्नर शैलीको काम थालियो। गाउँ–गाउँमा सिंहदरबार पुर्‍याउने संविधानको भावनालाई हिजोको सिंहदरबारका कर्मचारीहरूलाई अधिकारसम्पन्न बनाएर पालिकाहरूमा पठाइयो। आज देशैभरि प्रशासन शक्तिशाली कि जनप्रतिनिधि, प्रशासन वा सरकारले निर्णय गर्ने कि जनप्रतिनिधिले भन्ने बहस नराम्ररी उठेको छ। जनता भनेको जनप्रतिनिधि हो। तर जनप्रतिनिधि, जननिर्वाचित व्यक्ति सरकारको मुखापेक्षी भएको छ। कोरोनाको यत्रो महामारीमा जनप्रतिनिधिलाई बहिष्कार गरेर सरकारले योजनाहरू बनायो, चलायो र महामारी नियन्त्रणको साटो समुदायमा फैलियो। मन लागे परीक्षण गर्ने, नलागे नगर्ने। यो निर्णय गर्ने अधिकार त जनप्रतिनिधिहरूको हुनुपर्थ्यो। जनताको यिनै गुनासोहरूको आडमा विरोध दिवस मनाउने मानसिकताले झन् बल प्राप्त गरेको हो।**

**संविधान देशलाई उन्नतिको पथमा हिंडाउने माध्यम हुनुका साथै, जनताका सबै प्रकारका मौलिक हक बहाल गर्ने उपकरण पनि हो। यसमा समयानुकूल सुधार, संशोधनको जति पनि गुन्जाइस रहन्छ। जे भनेर देशमा गणतन्त्रको स्थापना भयो, जुन काम गर्नका लागि सङ्घीयता आवश्यक ठानियो, त्यसैको परिपूर्ति संविधानबाट हुँदैन भने त्यो संविधान अधूरो हो। संविधानमा प्रावधान रहेको कुरा लागू हुन दिइँदैन भने संविधानको कमजोरी हो। यसर्थ आज यो प्रश्न जोडदाररूपले उठाउनुपर्ने बेला आएको छ कि सङ्घीयताको मर्म अनुसार त भएन–भएन, कम्तीमा विपरीत काम त नहोस्। संविधान अनुसार सरकार बनेको आज तीन वर्ष बितिसकेको छ, के कति उपलब्धि यस गणतन्त्र र सङ्घीयताबाट प्राप्त हुन सक्यो, लेखाजोखा गरेर अगाडि नबढे देश फेरि अर्को राजनीतिक आन्दोलनमा होमिनेछ।**

# उन्नत समाज र समृद्ध राष्ट्रका लागि सामाजिक शिक्षा

शिक्षा नेपाल




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**वर्तमान शिक्षा प्रणालीबाट विद्यार्थीहरूले ज्ञान त प्राप्त गरे तर सिकाइ भएन। तसर्थ लब्धाङ्कपत्रमा अङ्क खोज्ने कि अङ्कमा व्यवहार खोज्ने ? अङ्क उत्तरपुस्तिकामा मात्र खोज्ने वा विद्यार्थीको दैनिक जीवनमा खोज्ने ? ...एक्काइसौं शताब्दीको शिक्षण शैली अँगाल्न प्रेरित गर्दछ।**

राष्ट्रियता भनेको राष्ट्रप्रति सम्मान देखाउनु र आफ्नो सम्पूर्ण क्रियाकलाप त्यसप्रति समर्पित गर्नु हो। यही राष्ट्रियता हामी सबै नेपालीका लागि गौरवको प्रतीक हो। विद्यालयहरूमा सामाजिक शिक्षाको प्रयोग र उपयोग यसै राष्ट्रिय गौरवको अभिवृद्धि, उन्नत समाज र राष्ट्रनिर्माणका लागि गरिएको हो र यसका लागि पाठ्य सामग्री तथा मूल्याङ्कन विधिलाई समय अनुसार र परिस्थिति अनुसार परिमार्जन गर्दै लगिएको हो। सामाजिक शिक्षाले समाज रूपान्तरणमा पनि महत्त्वपूर्ण योगदान गर्न सक्छ। यसले विद्यार्थीहरूलाई सिर्जनशील, नैतिकवान्, अनुशासित, स्वावलम्बी बनाउनुका साथै लोकतान्त्रिक संस्कारमा वृद्धि गर्न सक्छ। यसै कारणले होला सरकारले यसै शैक्षिक सत्रदेखि सामाजिक र जीवनोपयोगी शिक्षा विषयलाई कक्षा ११ र १२ मा समावेश गरेको छ।

यदि सामाजिक शिक्षाको उपयोग कक्षा कोठामा सही ढङ्गले गरियो भने निश्चितरूपले समाज रूपान्तरण र राष्ट्रिय गौरवमा अभिवृद्धि हुने विश्वास गर्न सकिन्छ। यसका लागि सामाजिक शिक्षा पढाउने शिक्षकले पाठ्यपुस्तकमा दिइएको विषयवस्तु घोक्न नलगाई दिइएका जीवनमा प्रयोग गरेर असल नागरिक बन्न अभिप्रेरित गर्नुपर्दछ। पाठ्यपुस्तकको प्रत्येक एकाइको शीर्षकसँगै विषयवस्तुसँग सम्बन्धित चित्र तथा चित्रमुनि अमर वाक्य, गीत वा कविता राखिएका छन्। यसबाट विद्यार्थीहरूले सजिलै त्यस एकाइभित्र के कस्ता विषय समावेश गरिएको छ, सहजै अनुमान लगाउन सक्छन्। यसका साथै यसबाट विद्यार्थीहरूमा ज्ञान र बोध उदय भई राष्ट्रिय भावनाको अभिवृद्धिमा सहयोग पुग्छ।

सामाजिक शिक्षा पाठ्यपुस्तकको प्रत्येक पाठमा दिइएको चित्र र विषयवस्तु र अर्कोतर्फ सम्पन्न गर्ने क्रियाकलापले विषयवस्तु र क्रियाकलापबीच समन्वय गर्न सजिलो विधि दिइएको छ। यसका लागि शिक्षकले विषयवस्तुको अर्थ बताउने, व्याख्या गर्ने काममा समय खेर फाल्नुहुँदैन किनभने यसले विद्यार्थी निष्क्रिय श्रोता मात्र बन्छन्। शिक्षकले बोलेका लामा–लामा व्याख्यान सुन्ने धैर्य आजकलका विद्यार्थीमा हुँदैन। यस कारण सामाजिक शिक्षाको उद्देश्य विद्यार्थीहरूलाई निष्क्रिय श्रोता बनाउनु होइन, यस्तो भयो भने विद्यार्थीको भावी जीवनमा पनि शिक्षक सधैं साथ भइदिनुपर्छ। विद्यार्थीले आफ्नो जीवनका अप्ठ्यारा दिनहरूको सामना आफैं गर्नुपर्छ। यस कारण सामाजिक शिक्षाका शिक्षकले विद्यार्थीहरूको क्षमता र सीप विकासमा बढी जोड दिनुपर्छ।

सामाजिक शिक्षा पाठ्यपुस्तकको प्रत्येक पाठका विषयवस्तुलाई कविता, कथा, संवाद, नक्शा, तालिका, चित्र, कुराकानी, सामूहिक क्रियाकलाप आदि माध्यमबाट प्रस्तुत गर्ने अवसर दिनुपर्छ। सबै विद्यार्थीलाई सबै कुरा थाहा हुँदैन। यस्तो अवस्थामा जान्ने विद्यार्थीले नजान्नेलाई सिकाउने र आआफ्नो रुचि अनुसार विषयवस्तु प्रस्तुत गर्ने वातावरण प्रदान गर्नुपर्छ। यसरी विषयवस्तुको प्रस्तुति पछि विद्यार्थीलाई समुदाय अन्तर्गत गरिएका काम प्रस्तुत गर्ने समय दिनुपर्छ।

पाठ्यपुस्तकको प्रत्येक खण्डमा 'तपाईंको समुदायमा' भन्ने खण्ड राखिनुको उद्देश्य विद्यार्थीलाई पाठ्यपुस्तकमा पढेका कुरा वास्तविक जीवनमा पनि हुँदो रहेछ भन्ने बोध गराउनुका साथै खुला किताबरूपी प्रकृतिको अध्ययन गर्ने सीप विकास गराउनु हो। यस अन्तर्गत विद्यार्थीहरू जुन परिवेश वा समुदायमा हुर्केका हुन्छन्, त्यसैको अध्ययन गराएर सिर्जनात्मक प्रतिभा विकास हुने काममा संलग्न गराइन्छ।

यस क्रियाकलापबाट विद्यार्थीको लोकसंस्कृति, सभ्यता, भाषा, कला आदिलाई जीवन्त बनाउन सहयोग पुग्छ। यस अन्तर्गत वीरगंजका विद्यार्थी गहवामाई, गढीमाई, विन्ध्यवासिनीमाईको अध्ययन गर्छन् भने जनकपुरका विद्यार्थी रामजानकी मन्दिर र काठमाडौंका विद्यार्थीले पशुपतिनाथ मन्दिरको अध्ययन गर्छन् र पाठमा भएका विषयवस्तुसँग तुलनासमेत गर्छन्। यसैगरी, हिमाली क्षेत्रका विद्यार्थीले ल्होसार, उपत्यकाले दशैं र तराईका विद्यार्थीहरूले छठ, होली, ईद आदि पर्वको अध्ययन गर्छन्। यस्ता क्रियाकलापबाट राष्ट्रका विभिन्न क्षेत्रको प्रतिनिधित्व भई राष्ट्रिय गौरवको विकासमा ठूलो सहयोग पुग्छ।

सामाजिक शिक्षाको विषयवस्तु व्यापक छ। यस्तो अवस्थामा समयभित्र पाठ्यक्रम कसरी सक्ने, म त इतिहासको, भूगोलको, अर्थशास्त्रको शिक्षक हुँ र कसरी सबै विषय पढाउन सक्छु भन्ने गुनासा पनि नउठेका होइनन्, तर यदि हामीले पढ्ने, सिक्ने, खोजी गर्ने, लाज नमानी सोध्ने बानी बसाल्यौं र राम्ररी शैक्षिक योजना बनायौं भने समयभित्र सजिलै पाठ्यक्रम पूरा गर्न सकिन्छ। के मात्र ध्यान राख्नुपर्छ भने सामाजिक शिक्षा विद्यार्थी केन्द्रित विषय हो। यस कारण सामाजिक शिक्षा पढाउने शिक्षकले जेसुकै काम गर्दा विद्यार्थीलाई समावेश गराउनैपर्छ। यसका लागि विद्यालयको पात्रो अगाडि राखेर पाठ्यपुस्तकका पाठ अनुसार वार्षिक कार्य योजना बनाउनुपर्छ। वार्षिक योजनाको सफल कार्यान्वयनमा विद्यार्थीको भूमिका नै ठूलो हुने भएकोले उनीहरूले कुन दिन के भूमिका खेल्ने हो त्यसबारे पनि छलफल गरेर कामको बाँडफाँड गर्नु उचित हुन्छ। प्रत्येक विद्यार्थीलाई प्रत्येक दिनको शैक्षिक क्रियाकलापमा संलग्न गराउनुपर्छ। यदि कुनै दिन कुनै विद्यार्थीले २०६२–०६३ को जनान्दोलनबारे बयान गर्छ भने अन्य बाँकी विद्यार्थीलाई बोलेका कुरा पाठ अनुसार समाचार, संवाद, कविता, अभिनय, कथा वा पत्रलेखनमार्फत् प्रस्तुत गर्न लगाउनुपर्छ।

यसैगरी, पाठ अनुसार कुनै दिन कक्षा कोठामा स्रोत व्यक्तिको रूपमा कलाकार, चित्रकार, वकील, डाक्टर, समाजसेवी, सङ्घसंस्थाका अध्यक्ष, किसान आदिलाई निम्त्याउनुपर्छ। यो त्यस बखत मात्र सम्भव हुन्छ, जब वार्षिक कार्ययोजनामैं कसलाई, कुन दिन, कसरी, कुन प्रयोजनका लागि उपस्थित गराउने निधो गरिन्छ। स्रोत व्यक्तिले बोलेका कुरालाई सकारात्मकरूपमा लिएर त्यस सम्बन्धमा समाचार वा अन्य कुनै किसिमको सिर्जनात्मक प्रस्तुति गर्न लगाउनुपर्दछ। वार्षिक कार्ययोजनामा यदि विद्यार्थीलाई संलग्न गराइन्छ भने शिक्षकको अनुपस्थितिमा पनि कक्षा सञ्चालन हुन सक्छ। यस कारण जुन शैक्षिक योजनामा विद्यार्थीलाई संलग्न गराइँदैन, त्यो व्यावहारिक कार्ययोजना हुन सक्दैन।

त्यस्तो शिक्षण विधिलाई राम्रो मानिन्छ, जसमा विद्यार्थी स्वयम् कुनै कुराका निम्ति अगाडि सर्छ। यस कारण शिक्षकले आफ्नो कुरा मात्र राखेर विद्यार्थीलाई बोल्ने वा कुनै काम गर्न वञ्चित गराउनु सामाजिक शिक्षा शिक्षणविपरीत हुन्छ। सामाजिक शिक्षामा शिक्षकको भूमिका सहजकर्ता र विद्यार्थीको भूमिका अनुसन्धानकर्ताको रूपमा हुन्छ। प्रभावकारी शिक्षण विधि अन्तर्गत पाठ्यपुस्तकको उद्देश्य अनुसार समाजको अध्ययन गर्ने अवसर प्रदान गरिन्छ। उदाहरणस्वरूप कक्षा ९ को एकाइ १ अन्तर्गत विद्यार्थीहरूले 'हामी, हाम्रो समुदाय र राष्ट्र'को अध्ययन गर्दा पहिले एकाइमा दिइएको चित्रको अध्ययन र ती चित्रहरूमध्ये आफ्नो समुदायसँग सम्बन्धित चित्र पहिचान गरी आफ्नो परिवार तथा समुदायसँग त्यसको तुलना गर्नुपर्छ। चित्र वा चित्रमुनि लेखिएका कुराको आधारमा आआफ्ना परिवेशसँग सम्बन्धित कुराबारे विद्यार्थीहरूलाई बोल्न लगाउनुपर्छ। शिक्षकले विद्यार्थीहरूलाई पाठमा ती कुरा कहाँ छन्, खोज्न अभिप्रेरित गर्नुपर्छ। विद्यार्थीहरूले कक्षा वा कक्षा बाहिर पनि खोजी गर्न सक्छन् र शिक्षकको सहायताबेगर स्वयम् त्यसलाई आआफ्ना समुदाय अनुरूप प्रस्तुत गर्न सक्छन्।

यसैगरी, 'विकास' पाठ अन्तर्गत विद्यार्थीहरूले विभिन्न प्रकारका चारवटा क्रियाकलाप गर्नेछन्। पहिलो क्रियाकलाप अन्तर्गत समाचारपत्र, शब्दकोष वा अन्य कुनै स्रोतमार्फत् विकाससम्बन्धी आफ्नो स्वतन्त्र अभिव्यक्ति प्रस्तुत गर्नेछन्। दोस्रो क्रियाकलाप अन्तर्गत दिइएको आयात–निर्यात देखाइएको नेपालको नक्शा, नेपाल र अमेरिकी मुलुकमा गरिएका सेवाको प्रतिशतको अध्ययन तथा विभिन्न देशका प्रतिव्यक्ति आयसम्बन्धी तथ्याङ्क विभिन्न किसिमबाट प्रयोग गर्नेछन्। तेस्रो क्रियाकलाप अन्तर्गत आफ्नो देशमा हुने आयात–निर्यातको विश्लेषण र आयात घटाउन र निर्यात बढाउन वर्तमान समयमा कसरी संलग्न हुन सकिन्छ भन्ने मौलिक विचार प्रस्तुत गर्न सकिन्छ।

चौथो क्रियाकलाप अन्तर्गत आफ्नो समुदाय वा गाउँको नक्शा देखाई त्यहाँबाट आयात–निर्यात हुने वस्तु देखाउन र सो कुरा ग्राफ वा वृतचित्रमा देखाउन सकिन्छ। यसैगरी, विद्यार्थीहरूले आफ्नो परिवारको प्रतिव्यक्ति आय निकाल्न सक्छन् र अरू देशको प्रतिव्यक्ति आयसँग तुलना र प्रतिव्यक्ति आय बढाउन विद्यार्थीहरूले के गर्न सक्छन् भन्नेबारे आफ्नो विचार प्रस्तुत गर्न सक्छन् वा के कारणले हाम्रो देशको प्रतिव्यक्ति आय न्यून छ भन्ने कुरा सजिलै बुझ्न सक्छन्। यसैगरी, विद्यार्थीहरूले विभिन्न पाठ अन्तर्गत विभिन्न क्रियाकलाप गर्न सक्छन्। सामाजिक शिक्षामा विषयवस्तुभन्दा सीपमा बढी जोड दिइने हुनाले शिक्षकहरूले ध्यान के राख्नुपर्छ भने एकै किसिमको क्रियाकलाप नदोहोरियोस्। यस्तो भयो भने निर्धारित समयमा पाठ सकिने सम्भावना रहँदैन। शिक्षकहरूले सधैं के स्मरण गरिरहनुपर्छ भने सामाजिक शिक्षाले घोकन्ते र अल्छी विद्यार्थी होइन, सिर्जनात्मक, प्रतिभावान्, राष्ट्रभक्त र जागरूक विद्यार्थी उत्पादन गर्ने उद्देश्य लिएको छ। हालको परिवर्तित मूल्याङ्कन प्रक्रिया अनुसार विद्यालय तथा शिक्षकले विद्यार्थीहरूको सिकाइ सुनिश्चित गर्न निरन्तर मिहिनेत गर्नुपर्छ।

वर्तमान शिक्षा प्रणालीबाट विद्यार्थीहरूले ज्ञान त प्राप्त गरे तर सिकाइ केही भएन। तसर्थ अब हामी लब्धाङ्कपत्रमा अङ्क खोज्ने कि अङ्कमा व्यवहार खोज्ने ? अङ्क उत्तरपुस्तिकामा मात्र खोज्ने वा विद्यार्थीको दैनिक जीवनमा खोज्ने ? विद्यार्थीलाई रिजल्टको दिन मात्र खुशी देख्न चाहने वा जीवनभरि खुशी देख्न चाहने ? यस प्रश्नको जवाफले हामीलाई परम्परागत शिक्षण शैली परित्याग गरी एक्काइसौं शताब्दीको शिक्षण शैली अँगाल्न प्रेरित गर्दछ। अन्त्यमा सामाजिक शिक्षाले राष्ट्रिय विकास अभियानमा प्रत्येक नागरिकलाई संलग्न गराई व्यावहारिक, रोजगारमूलक र सीपमूलक शिक्षाको विकासमा जोड दिएको छ। सामाजिक शिक्षाको सही प्रयोग र उपयोगबाट प्रत्येक व्यक्तिलाई सामुदायिक समस्या समाधान गरेर समुन्नत राष्ट्रनिर्माणका साथै सहयोगी भावनाको विकास गर्न सहयोग पुर्‍याउन सक्छ। सामाजिक शिक्षाले गणित, विज्ञान, वातावरण शिक्षाका साथै अङ्ग्रेजी, नेपाली तथा अन्य भाषाको प्रयोग उन्नत समाज, राष्ट्र र समृद्ध विश्व निर्माणका लागि होस् भन्ने चाहना राखेको हुनाले यसले सम्पूर्ण शिक्षा प्रणालीलाई मानव हित अनुकूल प्रयोग गर्न प्रेरित गर्दछ।

# सर्लाहीबाट ३ अर्बको तरकारी निर्यात

सर्लाही, ४ असोज/रासस

जिल्लाको लालबन्दीबाट मात्रै आर्थिक वर्ष २०७६/०७७ मा रु तीन अर्बभन्दा बढीको तरकारी निकासी भएको छ। लालबन्दी, ईश्वरपुर र हरिवन नगरपालिकालगायतका छिमेकी स्थानीय निकायबाट मात्रै आर्थिक वर्ष २०७६/०७७ मा रु तीन अर्ब १८ करोड २६ लाख ८० हजारको तरकारी निकासी भएको हो।

लालबन्दी, ईश्वरपुर र हरिवन नगरपालिकालगायतका क्षेत्रमा स्थानीयवासीले करीब एक हजार बिघामा उत्पादन गरेको तरकारी लालबन्दीमा आउने गरेको र सोही तरकारी देशका विभिन्न स्थानमा निकासी हुने गरेको कृषि बजार व्यवस्थापन समिति लालबन्दीले जनाएको छ।

जिल्लाबाट ११ करोड ९५ लाख ६७ हजार १३५ किलो तरकारी बाहिरिएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार गोलभेंडाको पकेट क्षेत्रको रूपमा चिनिएको लालबन्दीबाट वार्षिक सबैभन्दा बढी ५० प्रतिशत गोलभेंडा बाहिरिने गरेको कार्यालयले जनाएको छ। त्यस्तै, परवल २५ प्रतिशत, बोडी १० प्रतिशत, सिमी १० प्रतिशत र भिन्डी, काउली, बन्दा, भान्टा, घिरौला, झिंगनी, लौका, फर्सी, मुन्गा, मुलालगायतका पाँच प्रतिशत तरकारी लालबन्दीबाट देशका विभिन्न स्थानमा जाने गरेको कार्यालयले जनाएको छ।

तरकारीखेतीबाट मनग्य आम्दानी हुन थालेपछि किसान व्यावसायिकरूपमा तरकारीखेतीप्रति आकर्षित हुँदै आइरहेका छन्। परम्परागत अन्नबाली छाडेर व्यावसायिक तरकारीखेती गर्दै आइरहेका सर्लाहीवासीले करीब एक हजार बिघा जमीनमा तरकारीखेती गर्ने गरेको कृषि ज्ञान केन्द्र मलङ्गवाले जनाएको छ।

# बोक्सीको आरोपमा एक महिलामाथि कुटपिट

लहान, ४ असोज/रासस

बोक्सीको आरोपमा सिराहाको नवराजपुर गाउँपालिकामा एक महिलामाथि कुटपिट भएको छ। स्थानीयवासीको कुटपिटबाट घाइते नवराजपुर–५ कसुन्डी निवासी ४५ वर्षीया मूर्तिदेवी यादवको धरानस्थित विपी

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भियतनाममा शक्तिशाली आँधी, तीनजनाको मृत्यु

हनोइ, ४ असोज/सिन्ह्वा

भियतनाममा केही दिनयतादेखि शक्तिशाली आँधी आएको छ। आँधीमा परी तीनजनाको मृत्यु भएको छ भने एक सयभन्दा बढी मानिस घाइते भएका छन्।



आँधीले तहसनहस भएको विद्युतीय तार मिलाउँदै कामदारहरू। तस्वीरः एपी

भियतनामका केही मध्य क्षेत्रीय प्रान्तहरूमा यो आँधी आएको छ। नोउल नामको सो आँधीका कारण भौतिक संरचनाहरू पनि भत्किएका छन्। यस आँधीमा परेर ११२ जना नागरिक घाइते भएका छन्। सो कुराको जानकारी भियतनामको राष्ट्रिय प्राकृतिक प्रकोप व्यवस्थापन केन्द्रले दिएको छ।

भियतनामको मध्य प्रान्त थुवा हेन हाउमा तीनजनाको ज्यान गएको बताइएको छ। सो प्रान्तमा ५० भन्दा बढी नागरिक घाइते भएका छन्। त्यस प्रान्तका १० घर भत्किएका छन्। त्यस्तै, यहाँका २६ हजारभन्दा बढी नागरिक नराम्रोसँग प्रभावित भएका छन्।

यसै वर्षको जनवरीमा पनि त्यहाँ ठूलो आँधी आएको थियो। त्यसमा परी करीब ७८ जनाको ज्यान गएको थियो भने हजारौं नागरिक घरवारविहीन भएका थिए। रासस

## भारतमा एकै दिनमा ९२ हजार ६०५ जना सङ्क्रमित

नयाँ दिल्ली, ४ असोज/एएनआई

भारतमा कोरोना भाइरसबाट एक दिनमा ९२ हजार ६०५ जना सङ्क्रमित भएका छन्। योसँगै भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएकाहरूको कुल सङ्ख्या ५४ लाखभन्दा बढी पुगेको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा पछिल्लो २४ घण्टामा मात्रै कोरोनाकै कारणले एक हजार १३३ जनाको मृत्यु भएको जनाएको छ। भारतमा कुल सङ्क्रमितमध्ये अहिले पनि दश लाख १० हजार ८२४ जना सङ्क्रमित अवस्थामैं रहेका छन्। भारतमा सङ्क्रमितमध्ये ४३ लाख ३ हजार ४४ जना भने सङ्क्रमणमुक्त भइसकेका छन्। मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल ५४ लाख ६२० जना सङ्क्रमित भएका हुन्।

प्रदेश अनुसार हेर्दा सबैभन्दा धेरै महाराष्ट्र प्रदेशमा सङ्क्रमित भएका छन्। महाराष्ट्रमा अहिले पनि तीन लाख एक हजार २७३ जना सङ्क्रमित अवस्थामैं रहेका छन् भने कर्नाटकमा एक लाख एक हजार १४८ जना सक्रिय सङ्क्रमित छन्।

त्यसैगरी, आन्ध्र प्रदेशमा ८८ हजार १९७ जना, उत्तर प्रदेशमा ६८ हजार २३५ र दिल्लीमा ३१ हजार ७२१ जना सङ्क्रमित अहिले पनि उपचारकै क्रममा रहेका अधिकारीहरूले जनाएका छन्।

भारतीय मेडिकल रिसर्च काउन्सिलका अनुसार भारतमा अहिलेसम्म ६ करोड १५ लाख ७२ हजार ३४३ जनाको कोरोना परीक्षण गरिएको छ।

### विश्वमा सङ्क्रमितको सङ्ख्या तीन करोड नौ लाख नाघ्यो



भारतमा स्वाब नमूना सङ्कलन गर्दै स्वास्थ्यकर्मीहरू। तस्वीरः एजेन्सी

वाशिङ्टन/एएफपी

विश्वभरि कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या तीन करोड नौ लाख नाघेको संयुक्त राज्य अमेरिकास्थित जोन्स हप्किन्स विश्वविद्यालयले जनाएको छ। कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या तीन करोड ९ लाख ९२ हजार ९८० पुगेको आइतवार प्राप्त समाचारमा जनाइएको छ।

चीनको वुहानमा गत वर्ष पहिलोपटक देखिएको कोरोना भाइरसबाट हालसम्म मृत्यु हुनेहरूको सङ्ख्या नौ लाख ६१ हजार नाघेको पनि सो विश्वविद्यालयले जनाएको छ। यद्यपि विश्वमा कोरोना भाइरस सङ्क्रमित दुई करोड २५ लाख ८७ हजार ९०५ व्यक्ति कोरोनामुक्त भएका छन्।

कोरोना भाइरसबाट विश्वमैं सबैभन्दा धेरै सङ्क्रमण र मृत्यु अमेरिकामा भएको छ। हालसम्म अमेरिकामा ६९,६७,४०३ भन्दा बढी मानिस सङ्क्रमित भएका छन् भने २ लाख ३ हजार ८२४ जनाको मृत्यु भएको उक्त विश्वविद्यालयले जनाएको छ। दोस्रो धेरै सङ्क्रमित भारतमा छन् भने तेस्रो बढी सङ्क्रमित रहेको देश ब्रजील हो।

मृतकको सङ्ख्याको हिसाबले ब्रजील दोस्रो स्थानमा छ भने भारत तेस्रो स्थानमा छ। भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ५४ लाख नाघेको छ।

ब्रजीलमा १,३६,५६५ जनाले कोरोना भाइरसबाट ज्यान गुमाएका छन् भने भारतमा हालसम्म ८६,७२४ जनाको मृत्यु भएको छ। रूस १०,९७,२५१ सङ्क्रमितसहित चौथो स्थानमा छ भने पाँचौं स्थानमा रहेको पेरूमा ७,६२,८६५ व्यक्ति सङ्क्रमित छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोना भाइरसबाट हालसम्म सबैभन्दा नराम्ररी प्रभावित देशका रूपमा अमेरिका, भारत र ब्रजील रहे पनि पछिल्ला हप्तामा युरोपमा बढ्दो क्रममा सङ्क्रमण देखिएको छ। रासस

## अमेरिकामा न्यायाधीश नियुक्तिमा विवाद

वाशिङ्टन, ४ असोज/एपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदमा आगामी साता एक महिलाको नाम सिफारिश गर्ने घोषणा गरेसँगै अमेरिकी राष्ट्रपतीय निर्वाचनको माहोल नयाँ मोडमा प्रवेश गरेको छ।

सर्वोच्च अदालतमा उदारवादी छवि बनाएकी न्यायाधीश रूथ बाडर गिनसबर्गको ८७ वर्षको उमेरमा गत शुक्रवार निधन भएपछि उक्त स्थान रिक्त भएको हो।

हाल रिपब्लिकन पार्टीको बहुमत रहेको सिनेटमा रिपब्लिकन पार्टीका नेता मिच म्याक्कोनेलले पनि राष्ट्रपति ट्रम्पले गर्ने मनोनयनलाई सिनेटले अनुमोदन गर्ने बताएर नयाँ बहसको सिर्जना गरेका छन्।

नर्थ क्यारोलिना राज्यमा भएको चुनावीसभामा बोल्दै राष्ट्रपति ट्रम्पले विपक्षी डेमोक्रेट पार्टीले विरोध गरे पनि न्यायाधीशमा मनोनयन गरेरै छाड्ने बताए। गिनसबर्गको उत्तराधिकारी तत्काल चयन गर्न नारा, जुलूस गरेका उत्साहित समर्थकलाई सम्बोधन गर्दै उनले भने, "प्रस्तावित नाम निकै प्रतिभाशाली र एकदमै कुशल महिला हुनेछिन्। म अर्को साता नै नाम सिफारिश गर्नेछु।"

तर उनले ती सम्भावित उम्मेदवारका बारेमा भने केही बताउन चाहेनन्।

राष्ट्रपति ट्रम्पले सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्ताव गरिने व्यक्तिको सुनुवाइसमेतका सम्पूर्ण प्रक्रिया पूरा गर्न आफूसँग पर्याप्त समय रहेको दाबी गरे।

तर रिपब्लिकन पार्टीभित्रै आगामी नोभेम्बर ३ मा हुने राष्ट्रपतिको चुनावअघि न्यायाधीश नियुक्तिको कार्य गर्न नहुने बहस पनि चलेको छ किनभने यसअघि तत्कालीन राष्ट्रपति बाराक ओबामाले सन् २०१६ मा न्यायाधीश नियुक्त गर्न खोज्दा चुनावी वर्ष भन्दै रिपब्लिकनको बहुमत रहेको सिनेटले नै उक्त कार्य रोकेको थियो।

डेमोक्रेट पार्टीले सन् २०१६ मा स्थापित पूर्वमान्यता अहिले पनि कायम राख्नुपर्ने अडान राखेका छन्।

अमेरिकाका विभिन्न चुनावी मतसर्वेक्षणले आगामी चुनावमा राष्ट्रपति ट्रम्पले जित्ने सम्भावना झिनो रहेको देखाइरहेका छन् भने सिनेटमा पनि रिपब्लिकन पार्टी अल्पमतमा पर्ने सम्भावना छ।

सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको विषयलाई लिएर फेरि अमेरिकी चुनावमा नयाँ मोड सिर्जना भएको छ। कोरोना महामारीबाट २ लाखभन्दा बढी मानिसको ज्यान गइसकेको, लाखौं मानिस बेरोजगार भएका र आपसी कलह बढ्दै गएको अवस्थामा त्यसलाई पन्छाएर राष्ट्रपति ट्रम्पले न्यायाधीश नियुक्तिलाई चुनावी मुद्दा बनाउन थालेका छन्।

डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार जो बाइडेनले कुनै पनि किसिमको प्रस्ताव नोभेम्बर ३ को चुनावपछि गरिनुपर्दछ भने। उनले भने, "मतदाताहरूले राष्ट्रपति चयन गरून् र निर्वाचित राष्ट्रपतिले न्यायाधीश छानोस्।" रासस

# डा केसीको उन्नाइसौं सत्याग्रह

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**भन्नका लागि हाम्रो देशका राजनीतिक दलहरू समाजवादका समर्थक भएको दाबी गर्दछन् तर शिक्षा, स्वास्थ्य र बैंक निजी क्षेत्रमा दिने दलहरू समाजवादी कसरी हुन सक्दछन् ? पूँजीवाद र सामन्तवादको विरोध गर्नेहरू स्वयम् किन पूँजीवादी र सामन्त बन्न पुग्दछन् ? यसको कारण बुझ्न सकिएन ?**

डा गोविन्द केसी नेपाली जनताको निम्ति सर्वाधिक आदर, सम्मान एवं विश्वासका पात्र बन्न गएका छन्। विगतमा आफूसित भएका सहमतिहरूको कार्यान्वयनमा सरकारले इमानदारिता नदेखाएको भन्दै १९औं पटक उनी सत्याग्रहमा बसेका छन्। विकट पहाडी-हिमाली जिल्ला जुम्लामा आमरण अनशन बसेका डा केसी आफ्नो स्वास्थ्यको चिन्ता नगरी अनशनमा पनि गरीब एवं असहाय नेपालीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्। अहिंसात्मक आन्दोलनको अन्तिम अस्त्र आमरण अनशनलाई 'आत्मपीडक' आन्दोलनको अन्तिम चरण पनि मानिन्छ। लामो समयसम्म अथवा पटक-पटकको आमरण अनशनले व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पार्नुका साथै ज्यान पनि लिन सक्दछ। आफ्नो स्वास्थ्य अथवा ज्यानको वास्ता नगरी नेपाली जनताको हितलाई ध्यानमा राखी सत्याग्रहमा उत्रेका डा केसी नेपाली जनताको निम्ति एकमात्र आशा एवं विश्वासको केन्द्र साबित भएका छन्। नेपालको चिकित्सा शिक्षा तथा चिकित्सा सेवाको क्षेत्रमा देखिएको बेथिति अन्त्य गरी यसलाई जनमुखी बनाउन उनले जोड दिंदै आएका छन्। मेडिकल माफियाको चङ्गुलबाट चिकित्सा क्षेत्रलाई मुक्त गरी देश र जनताको हित हुने अवस्थामा पुऱ्याउने उनले जुन भगीरथ प्रयत्न गरेका छन्, यसको अन्त्य लक्ष्य प्राप्तिपछि मात्रै टुङ्गिने निश्चित छ। उनलाई आधुनिक नेपालको 'दधीचि' भन्न सकिन्छ।

डा गोविन्द केसी पनि अन्यहरूजस्तै चिकित्सा क्षेत्रसम्म सीमित रही यथास्थितिवादी बन्न सक्दथे। आफ्नो निजी हितको मात्रै उनले चिन्ता गरेको भए धेरै उपलब्धि हासिल गर्न सक्दथे। उनले थालेका अभियानका कारण मेडिकल माफियाहरूलाई ठूलो आर्थिक क्षति पुगेको र पुग्न सक्नेछ। उनलाई लोभ र लाभका प्रस्ताव दिनेहरू पनि अनगिनत नै होलान् तर उनले आफूलाई सम्झौतावादी बनाएनन्। उनले कमजोर चिकित्सा व्यवस्थाविरुद्ध लड्ने साहस गरे।

देशमा अहिले कम्युनिस्ट पार्टीको सरकार छ, त्यस कारणले मात्र उनी अनशनमा बसेका हुन् भन्ने होइन। उनको यो १९औं सत्याग्रह हो। गएको पाँच-सात वर्षमा अस्तित्वमा आएका सबै दल तथा सबैखाले गठबन्धन सरकारको कामकाजको विरोधमा उनी सडकमा उत्रेका हुन्। तसर्थ उनीमाथि एउटा खास दलको समर्थक र कुनै खास दलको विरोधीको रूपमा परिभाषित गर्न सकिंदैन।

नेपालका प्रमुख एवं स्थापित राजनीतिक दलहरूले सशस्त्र सङ्घर्षमा बढी विश्वास गरेको इतिहास छ। नेपाली काङ्ग्रेसले २००७ सालको राणाविरोधी आन्दोलनमा मुक्ति सेनाको प्रयोग गरेको थियो। यस पार्टीले विसं २०१७ पुस १ गतेको घटनापछि पनि हतियार प्रयोग गरेको थियो। नेपाल कम्युनिस्ट पार्टीले पनि तराई-मधेसका जिल्लाहरूमा चलाएको जमीनदारविरोधी आन्दोलनमा सामान्य हिंसाको प्रयोग भएकै थियो। नेकपा मालेले भारतीय नक्सलाइट नेताहरू चारु मजुमदार, कानू सन्थाल र विनोद मिश्रहरूसित सम्पर्कमा रही झापा र मोरङ क्षेत्रमा कथित सामन्त किसानको घाँटी रेट्ने काम गरेका थिए भने नेपाल कम्युनिस्ट पार्टी माओवादीले एक दशकसम्म चलाएको सशस्त्र सङ्घर्षका कारण नेपालमा १७ हजार जतिले ज्यान गुमाउनुपरेको इतिहास धेरै पुरानो भएको छैन। मधेसको राजनीतिमा आक्रामक रवैया अपनाएर प्रवेश गरेको मधेसी जनअधिकार फोरम तथा माओवादीका कार्यकर्ताहरूको दोहोरो भिडन्तमा दुई दर्जनभन्दा बढीले ज्यान गुमाउनुपरेको थियो। नेपालमा आजसम्म परपीडक अर्थात् अरूलाई भौतिक, मानसिक र आर्थिकरूपले क्षति पुऱ्याउने आन्दोलन भइआएको छ।

आत्मपीडक (स्वयम् आफू अथवा आफ्नो शरीरलाई नै हानि पुऱ्याउने आन्दोलन)को अवधि लामो अवश्य पनि हुन्छ तर यो निर्णायक हुन्छ। सत्य र अहिंसाका महान् पुजारी महात्मा गाँधीको मार्ग अवलम्बन गर्नु सजिलो हुँदैन। अरूको ज्यान लिनु सहज हुन्छ तर आफ्नो ज्यान दिनु निकै कठिन हुन्छ। महात्मा गाँधीले सविनय अवज्ञा आन्दोलनमार्फत् भारतका विदेशी अङ्ग्रेज शासकहरूलाई घुँडा टेकाएका थिए। धर्ना, शान्तिपूर्ण विरोध प्रदर्शन, जुलूस, भोक हडताल र आमरण अनशनले स्वयम् आन्दोलनकारीलाई नै क्षति पुऱ्याउँछ। नेपालमा पनि यसको प्रयोग नभएको होइन। पञ्चायतकालमा एकपटक भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र २७ वर्षअघि गजेन्द्रनारायण सिंह पनि यसैगरी आमरण अनशन बसेका थिए।

पहिलोपटक गाँधीवादी आन्दोलनलाई निस्स्वार्थ भावले र देश एवं जनताको हितमा उपयोग गर्ने काम महान् चिकित्सक डा गोविन्द केसीले गरे। आफ्नो शरीरलाई कष्ट पुऱ्याई जनताको हितमा काम गर्ने डा केसीमाथि नेपालीको औधी विश्वास छ। उनी नेपाली जनताका सच्चा महानायक साबित भएका छन्। १९औं पटक आमरण अनशनमा बस्नु सामान्य कुरा होइन। एक किसिमले उनी आफ्नो शरीरलाई नै गलाइसकेका छन्। भौतिकरूपले उनी कमजोर भएका हुन सक्दछन् तर उनको शरीरको हाड पनि महान् ऋषि दधीचिको हड्डी साबित भइरहेको छ। डा केसी अनशनमा बसेको नाम सुन्ने बित्तिकै चिकित्सा क्षेत्रका माफियाहरू सतर्क भइहाल्छन्। सरकार पनि चिन्तामा पर्न जान्छ।

डा केसीले एउटा शिक्षित, जागरूक एवं राष्ट्रप्रति सच्चा भावले समर्पित नागरिकले गर्नुपर्ने कर्तव्य निर्वाह गरेका हुन्। यो काम हामी सबैले पनि गर्नुपर्दथ्यो, गर्न सक्दछौं र गर्नुपर्दछ तर हामीले आफूलाई पारिवारिक दायित्वमैं सीमित राख्यौं। राज्यविरुद्ध आवाज उठाउने साहस सबैले गर्न सक्दैन। यद्यपि देशको संविधानले हामी सबै नागरिकलाई यो अधिकार प्रदान गरेको छ। देशको संविधानले डा केसीलाई कुनै विशेष अधिकार दिएको छैन तर उनी सामान्य नागरिक भएर पनि विशेष काममा हात हालेका कारण हामीहरूभन्दा बढी मान, सम्मान र प्रतिष्ठा हासिल गरिरहेका छन्। चिकित्सा शिक्षा एवं चिकित्सा क्षेत्रका सैकडौं एवं हजारौं माफियालाई उनले शत्रु बनाएका होलान् तर त्यसको वास्ता उनलाई छैन। उनी नेपाल र नेपाली जनताको हितमा काम गरिरहेका छन्। यसमा उनलाई सन्तुष्टि प्राप्त भइरहेको छ।

डा केसीको अभियान हामी सबैको निम्ति हो, तसर्थ यस अभियानप्रति सद्भाव, सहयोग र समर्थन जनाउनु हाम्रो कर्तव्य हो। उनले राजनीतिक व्यवस्थाको विरोध गरेका छैनन्। उनले सरकारको पनि विरोध गरेका छैनन्। सरकारका अन्य नीति र कार्यक्रमप्रति पनि उनले आफ्नो सरोकार जनाएका छैनन्। हुनत लोकतान्त्रिक शासन प्रणाली भएको देशमा जननिर्वाचित सरकारको निर्णय र क्रियाकलाप मन परेन भने शान्तिपूर्ण तरीकाले विरोध जनाउने अधिकार नागरिकलाई संविधानले नै प्रदान गरेको छ। नेपाल कम्युनिस्ट पार्टीको दुई तिहाई बहुमतको सरकारको आधाभन्दा बढी कार्यकाल सकिएको छ। तर यस अवधिमा देशमा विपक्षी दलहरूको उपस्थितिको अनुभूति नै भएन। एक्लो डा केसी नै विरोध प्रदर्शनमा उत्रेका देखिए। राजनीतिक दलहरूको विरोध गर्ने क्षेत्र र तरीका व्यापक हुन्छ, तर कुनै एक व्यक्तिको विरोध गर्ने तरीका र क्षेत्र सीमित नै हुन्छ। संस्था र व्यक्तिमा फरक हुन्छ। भोलिका दिनमा डा केसीको आन्दोलनको समर्थनमा हजारौं जनता सडकमा आउँछ भने यो विरोध जनान्दोलन पनि साबित हुन सक्दछ र डा केसी स्वयम् व्यक्ति नै रहनेछन् तर उनको विचाराधाराले राजनीतिको नयाँ दिशा प्रदान गर्न सक्दछ।

डा केसीले उठाएका मागहरू जायज प्रवृत्तिका छन्। विगतका सरकारले डा केसीसित गरेका सहमतिहरूलाई कार्यान्वयनमा ल्याउनुपर्दछ। भन्नका लागि हाम्रो देशका राजनीतिक दलहरू समाजवादका समर्थक भएको दाबी गर्दछन् तर शिक्षा, स्वास्थ्य र बैंक निजी क्षेत्रमा दिने दलहरू समाजवादी कसरी हुन सक्दछन् ? पूँजीवाद र सामन्तवादको विरोध गर्नेहरू स्वयम् किन पूँजीवादी र सामन्त बन्न पुग्दछन् ? यसको कारण बुझ्न सकिएन ? डा केसीको आन्दोलन नेपाली जनताको आन्दोलन हो। सरकारले उनको माग सम्बोधन गर्नैपर्छ।

### बोक्सीको..........

कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको आफन्तजनले जनाएका छन्।

गाउँका एक बच्चा बिरामी भएको र अर्का एकजनाको चट्याङ लागेर मृत्यु भएको विषयमा मूर्तिदेवीले टुनामुना गरी बोक्सी लगाएको आरोप लगाउँदै स्थानीयवासी धर्मनाथ यादव, उनका छोरा सन्तोष र सोही ठाउँका देवनाथ यादव, कृष्ण यादव, ब्रह्म यादवलगायतले मूर्तिदेवीलाई निर्घात कुटपिट गरेका मूर्तिदेवीका छोरा गणेश यादवले जानकारी दिए। "गत भदौ २९ गते राति आमा घरमा सुतिरहनुभएको थियो," उनले भने, "स्थानीयवासीले तथानाम गाली गर्दै आमालाई घरबाट बाहिर निकालेर सडकमा लगी निर्घात कुटपिट गरेपछि खेतमा लगेर फालिदिए।" कुटपिट गर्नेहरूले प्रहरीमा उजूरी गरे चोरीको आरोपमा फसाइदिने धम्की दिंदै आएको उनको गुनासो छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सालिकराम शर्माले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष — व्यापारवृद्धि | वृष — शत्रुपराजय |
| मिथुन — सुसमाचार | कर्कट — भयचिन्ता |
| सिंह — मित्रमिलन | कन्या — अतिथिआगमन |
| तुला — सुयशः | वृश्चिक — खर्चवृद्धि |
| धनु — धनलाभ | मकर — सफलता |
| कुम्भ — राज्यलाभ | मीन — रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# नोवेल टेक्सटाइल्सको ११ करोडको होजियारी प्लान्ट आउँदै

प्रस, परवानीपुर, ४ असोज/

चिनियाँ र भारतीय रेडिमेड कपडाको आयात कम भएपछि वीरगंजका उद्योगीहरूले गार्मेन्ट उद्योगतर्फ लगानी विस्तार गर्न थालेका छन् ।

विगत ६ महीनादेखि कोरोना महामारीको कारण बजार, व्यापार प्रभावित भएको छ। लकडाउनले नेपाल–भारत सीमा सिल हुँदा भारतबाट तस्करीमार्फत् तयारी कपडाहरू नेपाल भित्रिन पाएको छैन। जसले गर्दा स्वदेशी उद्योगहरू फस्टाउन थालेको वीरगंजका उद्योगीहरूको भनाइ छ। वीरगंज–पथलैया औद्योगिक कोरिडोरको परवानीपुरस्थित नोवेल टेक्सटाइल्स प्रालिले होजियारी धागो र कपडा उत्पादन गर्ने अर्को युनिट थपिरहेको छ। उद्योगका सञ्चालक रमेश गाडियाका अनुसार रु ५ करोडको मेशिन र भवन भाडा, बिजुलीलगायतमा रु ६ करोड गरी कुल ११ करोडको लगानीमा नोवेल टेक्सटाइल्सको अर्को प्लान्ट स्थापना भइरहेको हो ।

आगामी नोभेम्बरदेखि सञ्चालनमा आउने उद्योगको निटिङ फेब्रिक कपडा बुन्ने मेशिन चीनबाट आयात भएको तथा एयर कभरिङ मेशिन स्वीट्जरल्यान्डबाट आयात गरिएको उनले जानकारी गराए।



नोवेल टेक्सटाइल्सको धागो उद्योग । तस्वीरः प्रतीक

विदेशबाट आयात तथा तस्करीबाट भित्रिने कपडाको परिमाण घट्दै गएको र महामारीको समयमा देशमा स्वदेशी उद्योगबाट उत्पादित कपडाको माग बढ्दै गएकोले वीरगंजका अन्य उद्योगीहरू पनि होजियारीका कपडा जस्तैः टीसर्ट, ट्र्याक सुट, लेगिङ्जलगायतका कपडा बुन्ने उद्योग लगाउनेतर्फ लगानी बढाउन थालेका छन् ।

"कोरोना महामारीले कपडा उद्योगको लागि अवसर प्रदान गरेको छ। पहिले भारतबाट तस्करीको माध्यम बर्सेनि अर्बौंको कपडा नेपाल भित्रिन्थ्यो, जुन अहिले सम्भव छैन। यस्तो बेलामा स्वदेशी उद्योगहरूलाई सरकारले सहुलियत दियो भने अहिलेको सङ्कटको बेलामा पाठ सिकेर हामी कपडा उत्पादनमा आत्मनिर्भर बन्न सक्छौं," गाडियाले भने।

सो प्लान्टबाट मासिक १० टन धागो र ३५ टन कपडा उत्पादन हुने जनाइएको छ। पूर्ण स्वचालित प्रविधि रहेको सो उद्योगमा प्रारम्भिक चरणमा १२ जना प्राविधिकले रोजगार पाउने बताइएको छ।

वीरगंजमा एउटा/दुई वटा मेशिन राखेर कम्तीमा २० वटा होजियारी र ५० वटा जति कपडा उद्योग सञ्चालनमा छन्। उद्योगीले कपडा उद्योगजस्तै गार्मेन्ट (तयारी पोशाक) उद्योगलाई पनि सहुलियत दरमा ऋण उपलब्ध गराउनुपर्ने माग गरेका छन् । कपडा उद्योगले ब्याजदरमा ५ प्रतिशत सहुलियत पाउँछ भने गार्मेन्ट उद्योगलाई अहिले सरकारले सहुलियत दिएको छैन। फाइबर आयातमा शून्य प्रतिशत भन्सार महसूल, यार्नमा ५ प्रतिशत र रेडिमेड कपडा आयातमा १५ प्रतिशत रहेकोमा कम्तीमा १० प्रतिशत थप भन्सार महसूल बढाउँदा विदेशी रेडिमेड कपडाको आयात घटेर स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्न सकिने बताइएको छ।

विगत १५ वर्षदेखि सञ्चालित नोवेल टेक्सटाइल्समा वीरगंजका उद्योगी विनय साह, गणेश लाठ, चेतन गाडियाको लगानी रहेको छ।

# विरोध र हर्षका साथ संविधान दिवस

प्रस, रौतहट, ४ असोज/

जनता समाजवादी पार्टी जिल्ला कार्यसमिति रौतहटको आयोजनामा संविधान दिवसको विरुद्धमा जुलूस प्रदर्शन भएको छ। जसपाको कार्यालयदेखि शुरू भएको विरोध जुलूसले गौर नगरपरिक्रमा गरेको थियो।

नगरपरिक्रमापश्चात् आयोजित विरोधसभामा बौधीमाई नगरपालिकाका प्रमुख राजीवरञ्जन यादव, देवाही गोनाही नपाका प्रमुख धर्मेन्द्र पटेल, माधवनारायण नपाका प्रमुख वीरेन्द्रप्रसाद यादव, जसपाका नेता श्यामबिहारी यादव, अनिल सिंहलगायतले मन्तव्य व्यक्त गरेका थिए। संविधान जारी भएको पाँचौं वर्ष पूरा गरेको अवसरमा रौतहटका विभिन्न स्थानमा कालो दिवसको रूपमा मनाइएको जसपाले जनाएको छ।



तस्वीरः प्रतीक

यसैगरी, जिल्ला समन्वय समिति रौतहटले मैनबत्ती बाली हर्षोल्लासका साथ संविधान दिवस मनाएको थियो। त्यस्तै, नेपाल कम्युनिस्ट पार्टी प्रदेश नं २ का सदस्य प्रभु साहको सक्रियतामा गौरको विपी चोकमा मैनबत्ती बाली संविधान दिवस मनाइएको थियो।

ईशनाथ नगरपालिकाका प्रमुख सन्तोष मेहताको सक्रियतामा औरैयामा संविधान दिवस मनाइएको थियो।

# युथ काङ्ग्रेसद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, ४ असोज/

युथ काङ्ग्रेस नेपाल, पर्साले डा गोविन्द केसीको समर्थनमा पर्साका प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ।



प्रजिअ तामाङलाई ज्ञापनपत्र बुझाउँदै साह। तस्वीरः प्रतीक

युथ काङ्ग्रेस, पर्साका संयोजक सुमेश्वर साहले प्रजिअ आसमान तामाङमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्र बुझाउँदै उनले डा केसीले १९औं पटक सत्याग्रह शुरू गरेको भन्दै उनको माग पूरा गर्न आग्रह गरेका थिए।

डा केसीको माग जायज भएको भन्दै सरकारले उनीसँग गरेको सम्झौता अक्षरशः पालना गर्नुपर्ने र सो नगर्दा बाध्य भएर डा केसीले सत्याग्रह गर्नुपरेको बताए। डा केसीसँगै देशमा भएका विविध घटनाक्रमका बारेमा पनि युथ काङ्ग्रेसले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ।

# सिम्रौनगढमा वृक्षरोपण

प्रस, सिम्रौनगढ, ४ असोज/

नेपाल कम्युनिस्ट पार्टीका नेता सूर्यनाथराय यादवको ३५औं स्मृति दिवसको अवसरमा आइतवार बाराको सिम्रौनगढमा वृक्षरोपण गरिएको छ।



वृक्षरोपण गर्दै कार्यक्रमका सहभागीहरू । तस्वीरः प्रतीक

सिम्रौनगढ नगरपालिका–७ कङ्काली माविको प्राङ्गणमा साल, सपेता, मलेसियन सखुवा, टीकका दुई सयवटा बिरुवा रोपिएको थियो। नेकपा सिम्रौनगढका अध्यक्ष श्यामकिशोर यादवको अध्यक्षतामा भएको कार्यक्रममा महेन्द्रप्रसाद जयसवाल, मदन ठाकुर, भोजेन्द्र यादव, गगनदेव कुशवाहा, शेख मतिन, सन्तोष कुशवाहा, उपेन्द्र चौधरीलगायतले वृक्षरोपण गरेका थिए।

शहीद सूर्यनाथराय यादवलाई पञ्चायती सरकारले २०४२ असोज ४ गते गोली हानी हत्या गरेको थियो।

# वडावासीद्वारा जनप्रतिनिधिको ध्यानाकर्षण



पटेर्वासुगौली गाउँपालिका–५ का वासीहरू । तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, ४ असोज/

पटेर्वासुगौली गाउँपालिका–५ का वडावासीहरूले स्थानीय जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको ध्यानाकर्षण गराएका छन्।

वडाका महिला, पुरूषहरू सहभागी भएर वडाका विकास योजनाको छनोट स्थानीय भावनाअनुरूप हुनुपर्ने भन्दै गापामा गएर जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको ध्यानाकर्षण गराएको स्थानीय मुक्तिप्रसाद साहले बताए। वडाको मनिहर्वाटोल र दलितबस्तीको सडक ढलान हुनुपर्ने उनीहरूले माग गरे।

यसैगरी, अतिविपन्न वर्गको नामावली सङ्कलन मनपरी तरीकाले नगरेर वास्तविक विपन्नहरूको नाम खुला र पारदर्शीरूपमा छनोट गरिनुपर्ने उनीहरूले माग राखेका थिए। उनीहरूले गापा उपाध्यक्ष ममता महतो, निमित्त प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादव र वडाध्यक्षहरूलाई ध्यानाकर्षण पत्र बुझाएका हुन्। उपाध्यक्ष महतोले टोलवासीहरूको समस्या बुझेर बुधवार सोबारे छलफल गर्ने र जायज मागलाई तुरुन्त सम्बोधन गर्ने आश्वासन दिइन्।

# संविधान दिवसको अवसरमा दीप प्रज्वलन

प्रस, वीरगंज, ४ असोज/

नेकपा परवानीपुर गाउँपालिका समितिले गएराति परवानीपुरमा दीप प्रज्वलन गरी पाँचौं संविधान दिवस मनाएको छ। कार्यक्रमका मुख्य अतिथि रामपाल यादवले विगत लामो समयको तानाशाही राजतन्त्रलाई उखेलेर फाल्दै नेपाली जनता स्वयंले संविधान निर्माण गरेको दिन भएकोले यसलाई पर्वको रूपमा मनाउनुपर्ने बताए।

कार्यक्रमका अध्यक्ष एवं परवानीपुर गापा समिति अध्यक्ष अमर यादवले मधेसवादी दलले वर्तमान संविधानकै आधारमा स्थानीय, प्रदेश र केन्द्र सरकारमा सेवा सुविधा उपभोग गरिरहेको तर संविधान दिवसमा विभिन्न विरोध तथा कालोझन्डा देखाउने कार्यक्रम आयोजना गर्नु दुःखद भएको बताए।

परवानीपुर गापा–४ का अध्यक्ष गजेन्द्र पटेलले नेकपाले विश्वकै उत्कृष्ट संविधानमध्ये एक संविधान पारित गराएकोले कमीकमजोरीलाई आत्मसात गरी अगाडि बढ्नुपर्ने आग्रह गरे।

नेकपा नेता उमेश गुप्ताको सहजीकरणमा भएको कार्यक्रममा परवानीपुर गापा आसपासका नेता तथा कार्यकर्ताहरूको सहभागिता थियो।



तस्वीरः प्रतीक

यसैगरी, कलैया उपमहानगर–१७ ब्रह्मपुरीमा रहेको हाम्रो पाठशाला बोर्डिङ स्कूलले सांविधान दिवस मनाएको छ। विद्यालय परिसरमा आयोजित कार्यक्रममा शुभकामना आदानप्रदान गर्दै संविधान दिवस मनाइएको हो।

कार्यक्रममा संविधान दिवसलाई राष्ट्रिय पर्वको रूपमा मनाउने सरकारको निर्णयलाई आत्मसात गर्दै मनाइएको विद्यालयका सञ्चालक योगेन्द्र राउतले बताए। जिल्ला समन्वय समिति बाराका सभापति छठु यादवको सभापतित्वमा भएको कार्यक्रममा वक्ताहरूले संविधानमा भएका कमीकमजोरीलाई राजनीतिक दलहरूको सहमतिमा संशोधन गरी परिस्कृत गर्दै लैजाँदा नयाँ पुस्तामा संविधानले सकारात्मक प्रभाव पार्ने बताएका थिए।

## वीरगंजका...........

हकमा नागरिकता हुनुपर्ने बताए। अहिले सार्वजनिक यातायातका सेवा लिनेहरूमा पोखरा, काठमाडौं, नारायणगढ जाने यात्रीहरूमध्ये पचास प्रतिशतभन्दा बढी भारतीय हुने गरेको उनको भनाइ छ। सीमा सिल भएको अवस्थामा भारतीय यात्रीहरूको आगमन आफैंमा खोजीको विषय भएको छ।

लकडाउन, निषेधाज्ञासँगै करीब ६ महीनापछि सञ्चालनमा आएको सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रीहरूसँग मनोमानी भाडा लिने कार्य भइरहे पनि यसको अनुगमन र यात्रीहरूको गुनासो बुझेर कारबाई गर्ने निकाय मौन छ।

## गाउँ/शहरमा..........

केही दिनअघि धोबिनी गाउँपालिकाको आसवारी तथा गुलरिया टोलमा दुईजनालाई खसी चोरेको आरोपमा पक्राउ गरेको इप्रका पोखरियाका प्रहरी निरीक्षक चन्द्र सिंहले जानकारी दिए।

गाउँका युवाहरू बेरोजगार भएपछि चोरीका घटनामा वृद्धि भएको प्रहरीको भनाइ छ। विभिन्न ठाउँमा रोजगार गर्ने युवाहरू कोरोना सङ्क्रमणको कारण गाउँमा आएपछि बेरोजगार हुँदा चोरीका घटनामा वृद्धि भएको प्रहरीले जनाएको छ। चोरीका घटना न्यूनीकरण गर्ने विषयमा प्रहरी सक्रिय रहेको एकजना प्रहरी अधिकारीले बताए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

